सुनकोशी गाउँपालिका

रोजगार सेवा केन्द्र, मुलखर्क, ओखलढुंगा

रोजगार रणनीति २०८१/८२-२०८५/८६

# सुनकोशी गाउँपालिकाको रोजगार रणनीति २०८१/८२-२०८५/८६




सुनकोशी गाउँपालिका

गाउँकार्यपालिकाको कार्यालय

रोजगार सेवा केन्द्र, सुनकोशी , ओखलढुंगा

स्वीकृत मितिः २०८१/......

## खण्ड १. रणनैतिक सन्दर्भ

### १. पृष्ठभूमि

नेपालको संघीय संरचना तीन तहको रहेको छ। तीनै तहका सरकारहरुलाई श्रम तथा रोजगारी सम्बन्धि संवैधानिक अधिकार प्राप्त छ। सबै तहका सरकारहरुले बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगार प्रदान गर्न आवश्यक रोजगार कार्यक्रम संचालन गर्न सक्ने व्यवस्था रहेको छ। स्थानीय तहले आफ्नो क्षेत्रभित्र रोजगारीका सम्भावित अवसरहरुको पहिचान गरि रोजगारीको मागको प्रक्षेपण र आपूर्तिको अनुमान गरि माग र आपूर्ती बीच सन्तुलन कायम गर्न तथा रोजगारीका थप अवसरहरुको सृजना गर्न जरुरि रहेको छ। श्रम तथा रोजगारी अन्तरसम्बन्धित विषय भएकोले मुलुकको समग्र आर्थिक अवस्था, रोजगारीका क्षेत्रमा हुने विकास र श्रमिक प्रतिको हेर्ने दृष्टिकोणले पनि यस क्षेत्रलाई प्रभाव पर्ने गरेको देखिन्छ। देशमा उपलब्ध आन्तरिक रोजगारीका अवसरहरुमा बेरोजगार व्यक्तिहरुलाई आकर्षित गर्न काम प्रतिको सम्मान र कार्य गर्ने मर्यादित वातावरण सृजना गर्न सकिएमा देशको श्रम तथा रोजगारीका क्षेत्रमा नेपाली बेरोजगार व्यक्तिहरुलाई नै संलग्न हुने अवस्था रहन्छ। अनि मात्र देशको सामाजिक, आर्थिक तथा सांस्कृतिक रुपान्तरणमा महत्वपूर्ण योगदान पुग्न सक्ने देखिन्छ।

नेपालमा प्रत्येक वर्ष करिब पाँच लाख थप श्रमशाक्ति श्रम बजारमा प्रवेश गर्ने गर्दछन् । नयाँ श्रमशक्तिको लागि पर्याप्त रोजगारीका अवसर सिर्जना हुन नसकेका कारण श्रमको माग र आपूर्ति बीच ठुलो अन्तर रहेको देखिन्छ । नेपालको आन्तरिक श्रम बजारको प्रशोचन क्षमता न्यून रहेको छ। श्रम बजारमा प्रवेश गर्ने व्यक्तिको संख्या भन्दा कमै मात्रामा रोजगारी सृजना हुने अवस्था छ। परिणामस्वरुप अतिरिक्त श्रम शक्ति वैदेशिक रोजगारीमा जान बाध्य हुने गरेका छन्। नेपालमा जात जातिका आधारमा कामको बाँडफाँड गरिएको हुनाले उपलब्ध आन्तरिक रोजगारीका कतिपय अवसरहरुमा सामाजिक प्रतिष्ठाका कारण युवाहरु आकर्षित हुन सकिरहेका छैनन। देशमा आन्तरिक रोजगारीका अवसरलाई व्यवस्थापन गर्न नसक्दा दैनिक करिब १५०० व्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ। औसतमा ६० प्रतिसत भन्दा बढी घरधुरीबाट कोहि न कोहि व्यक्ति वैदेशिक रोजगारीमा जाने गरेको देखिन्छ। नेपालको आन्तरिक श्रम बजारमा श्रमिकको माग आपूर्ति गर्न आवस्यक पर्ने श्रमिकको संख्या, ज्ञान, सिप, योग्यता र अनुभवको आधारमा सिपमुलक श्रमशक्तिको विकास गर्न स्थानीय तहको भूमिका महत्वपुर्ण हुने देखिन्छ। युवा श्रम शक्तिलाई आन्तरिक रोजगारीमा परिचालन गरेको आवस्थामा मात्र देशले दिर्घकालिन रुपमा अधिकतम लाभ लिने अवस्था रहन्छ।

रोजगारी बहुआयामिक तथा अन्तर सम्बन्धित विषय हो। रोजगारीको आफ्नो कुनै विशेष क्षेत्र हुदैन। यो विभिन्न क्षेत्रहरुमा सिर्जना हुने हो। रोजगारी सिर्जना कुनै एक तह, क्षेत्र वा कार्यक्रमबाट हुने पनि होइन। यसका लागि सबै तह क्षेत्र र कार्यक्रम बीच समन्वय र सहकार्य हुन आवश्यक छ। गरिबी र रोजगारी अन्तर सम्बन्धित विषय रहेकोले गरिबी बढ्दा बेरोजगारी बढ्छ, रोजगारी बढ्दा बेरोजगारी

घट्छ। रोजगारीले गरिबी, बेरोजगारी दर बिचको सन्तुलन कायम गर्दछ। त्यसैले दीगो आर्थिक वृद्धि, गरिबी तथा बेरोजगारी न्यूनीकरणको मुख्य आधारनै उत्पादनशील रोजगारी हो। उत्पादनशील रोजगारीले मानिसको आयआर्जन क्षमतालाइ बढाउछ र बेरोजगारी तथा न्यून रोजगारलाई कम गराउछ। शिक्षा र रोजगारी बिचको अन्तर सम्बन्ध पनि महत्वपूर्ण रहेको छ। शिक्षाले नै स्थानीय, राष्ट्रिय र अन्तराष्ट्रिय श्रम बजारका आवश्यकताहरु परिपूर्ति गर्ने सिपयुक्त, दक्ष प्रतिस्पर्धी जनशक्ति उत्पादन गर्न मद्दत गर्दछ । प्राविधिक र जीवनोपयोगी शिक्षामा पहुँचको कमीका कारण देशमा बेरोजगारी दर बढ्दो क्रममा रहेको छ। रोजगारी संग अन्तरसम्बन्धित रहेका गरिबी न्यूनीकरण, सिप तथा क्षमाताको विकास, रोजगारीका अवसरमा विपन्न वर्गको पहुँच स्थापना गर्ने कार्यमा समेत स्थानीय तहको भूमिका अपरिहार्य रहेको छ।

## २. रोजगार रणननीतिको आवश्यकता/ औचित्य

यस रणनीतिक योजनाको आवश्यकता देहाय अनुसार रहेको छ।

- रोजगार सेवा केन्द्रलाई सक्षम र जवाफदेही बनाई नयूनतम रोजगारीको प्रत्याभूति गर्न
- रोजगारीको क्षेत्रमा रहेका समस्याहरुको समाधान गरि रोजगारी सिर्जनाका नवीनतम उपाय एवं विधिहरुको विकास गर्न,
- श्रम बजारको माग एवं उपलब्ध अवसर अनुसार दक्ष, व्यवसायिक, सीपयुक्त र प्रतिस्पर्धी श्रमशक्ति तयार गर्न,
- आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान, सिर्जना तथा प्रवर्द्धनका लागि संघ, प्रदेश र स्थानीय तह बीच समन्वय र सहकार्य गर्न,
- श्रम तथा रोजगारीको हकलाई कार्यान्वयन गर्न,
- वैदेशिक रोजगारीबाट प्राप्त पूँजी, सीप, ज्ञान, प्रविधि र अनुभवलाई उत्पादनमूलक क्षेत्रमा लगाउन उद्यमशिलताको विकास तथा प्रवर्द्धन गर्न,
- सुरक्षित आप्रवासन र वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनः एकीकरणमा सहयोग र सहकार्य गर्न,
- श्रम बजारमा विपन्न वर्गको सहज पहुँच स्थापना गर्न,
- श्रम बजारको माग र आपूर्ति बीच सन्तुलन कायम गर्न,
- श्रम प्रति सम्मान अभिवृद्धि गर्न।

## ३. अध्यन पद्धति

यस रणनीति निर्माणका लागि अनुसूची २ र अनुसूची ३ बाट प्राप्त सुझावहरु, स्थलगत अध्ययनबाट प्राप्त सुझावहरु र विभिन्न सरोकारवाला निकायहरुको धारणाका आधारमा यो रोजगार रणनीति तयार गरिएको छ ।

## ४. क्षेत्र

सुनकोशी गाउँपालिकामा आन्तरिक रोजगारीका सम्भावित अवसरहरु सिर्जना गर्न सक्ने मुख्य क्षेत्रहरु जस्तै कृषि, निर्माण कार्य, उत्पादन, यातायात, पर्यटन, उद्यमशीलता विकास र सिप तथा क्षमता विकास हुन । उक्त क्षेत्रहरुमा के कति लगानी गर्दा वा के कति लगानी वृद्धि गर्दा आन्तरिक रोजगारीका अवसरहरु अधिक रुपमा सिर्जना हुन सक्छन, गाउँपालिकाले के कस्तो रणनीति अपनाउनु पर्छ वा कुन क्षेत्रलाई मुख्य प्राथमिकतामा राख्नु पर्छ त्यस्तो नीति स्थानीय तहले अपनाउनु पर्दछ।

नेपालमा बढ्दै गरेको बेरोजगारी दरमा कमि ल्याउन स्थानीय स्तरमा कृषि, वन, पर्यटनमा आधारित उद्योगधन्दा कलकारखानाको माध्यम बाट थप रोजगारी सिर्जना हुन सक्दछ । अदक्ष तथा सिप नभएका बेरोजगार युवाहरुलाई सिपमुलक तालिमको माध्यमबाट दक्ष एवं सीपयुक्त जनशक्ति तयार गरी उद्योग तथा कलकारखानाहरुमा आपूर्ति गरी औधोगिक उत्पादनमा वृद्धि गर्नुको साथै लघु, घरेलु तथा साना उद्योगहरुको माध्यमबाट स्थानीय स्तरमा उपलब्ध श्रम, सिप, स्रोत र साधनको अधिकतम परिचालन तथा उपयोग गरि स्थानीय तह भित्र स्वोरोजगारीका थप अवसरहरु सिर्जना गर्न आवश्यक रहेको छ।

यस गाउँपालिकामा हुने विभिन्न निर्माण क्षेत्रहरुमा आवस्यक दक्ष जनशक्तिको रुपमा काम गर्ने इलेक्ट्रिसियन, प्लम्बर, कार्पेन्टर, मैसन, स्काफोल्डर, मार्बल फिटिङस लगायत अन्य श्रमिकहरु प्राय भारतीय नागरिक र गाउँपालिका बाहिरका रहेका छन। यी क्षेत्रमा स्थानीय श्रमिकहरु अदक्ष कामदारको रुपमा काम गर्ने गर्दछन। यस क्षेत्रमा रोजगारीका सम्भावनाहरु प्रशस्त मात्रामा रहेकोले बजारको मागको आधारमा दक्ष जनशक्ति तयार गरि भारतीय मुलुक र बाहिरका श्रमिकहरुलाई विस्थापित गर्दै जानु पर्ने देखिन्छ।

पर्यटन क्षेत्रमा रोजगारीको प्रचुर सम्भावना तथा मुख्य श्रोतहरु मध्यको एक हो। गाउँपालिका भित्रको प्राकृतिक, धार्मिक, मौलिक, पुरातात्विक एवम् संस्कृतिक सम्पदा आदि मुख्य पर्यटनको आधार क्षेत्र हुन। यी सम्पदाहरुको संरक्षण, संवर्द्धन र विविधीकरण गरि नयाँ नयाँ पर्यटकीय गन्तव्यहरुको पहिचान, विकास, प्रवर्द्धन गर्दै यस क्षेत्रमा थप रोजगारीका अवसरहरु सिर्जना गर्न सकिन्छ

उद्यमशीलता आफैमा एउटा स्वोरोजगारीको महत्वपूर्ण तत्व हो। स्थानीय स्तर देखिनै उत्पादन र उत्पादकत्व वृद्धि गर्न तथा स्वरोजगारी सिर्जना गरि स्थानीय अर्थतन्त्रलाई गतिशिलता प्रदान गर्न उद्यमसिलाताको विकास अपरिहार्य रहेको छ। बढ्दो बेरोजगारी समस्यालाई सम्वोधन गर्न तथा बेरोजगारहरुलाई स्वरोजगार बनाउन स्थानीय तहले स्वरोजगार हुन चाहने बेरोजगार युवाहरुलाई लक्षित गरि स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत, साधन, पूँजी र प्रविधिको उपलब्धताको आधारमा रोजगार सेवा केन्द्र मार्फत वित्तीय पहुँच, व्यावसायिक सिप विकास तालिमहरु संचालन गरि दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्नु पर्छ। वैदेशिक रोजगारीबाट प्राप्त सिप, पूँजी, प्रविधिलाई उद्यमसिलाताको विकास र

प्रवर्द्धनमा परिचालन गरि गाउँपालिकाभित्र आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गरि गाउँपालिका भित्र बाट वाध्यात्मक रुपमा वैदेशिक रोजगारीमा जाने क्रमलाई निरुत्साहित गर्दै जानु पर्दछ ।

स्थानीय तहले आफ्नो क्षेत्र भित्र निजि, सरकारी तथा गैरसरकारी क्षेत्रहरुमा सिर्जना हुन सक्ने रोजगारीका अवसरहरुको पहिचान गरि नक्सांकन गर्न जरुरी छ । पहिचान भएका क्षेत्रहरुमा के कस्तो प्रकृतिको श्रमिक आवस्यक छ र त्यस्तो श्रमिकको उपलब्धताको आवस्था के छ, श्रमिकहरुको ज्ञान सिप तथा क्षमता र बजारको मागका आधारमा आवस्यक पर्ने सिप वा दक्षताको अनुमान गरि माग र पूर्ति बीच सन्तुलन कायम गर्नु पर्दछ। स्थानीय तहले जनसांख्यिक विवरण, रोजगारीको अवस्था र रोजगारी सृजना हुन सक्ने क्षेत्र तथा संख्या पहिचान गरि रोजगारीको सम्भाव्यता सिप विकास, रोजगार गन्तव्यको नक्सांकन, आप्रवासन तथा स्वरोजगारमुलक क्रियाकलाप लगायतको विश्लेषण सहितको स्थानीय रोजगार रणनीति तर्जुमा गर्नु अपरिहार्य रहेको देखिन्छ। रोजगार रणनीतिले स्थानीय तहमा रोजगारीको क्षेत्रमा रहेको अवसर तथा सम्भावनाको पहिचान, समस्याको निदान र रोजगारी सृजनाका नवीनतम उपाय एवम् विधिहरुको विकास गर्न सहयोग पुग्ने देखिन्छ ।

**५. सिमा**


यस अध्ययनका लागि आवश्यक सूचना सङ्कलन र सूचनाको आधिकारिकताको विषयमा धेरै असहज अवस्था सृजना हुनुको साथै सूचना सङ्कलनका लागि स्रोतको सिमितताने प्रमुख कारक तत्व भएको थियो | सिमित समय, स्रोत र साधानमा आधारित भइ समग्र रोजगार रणनीति निर्माण गर्नु पर्ने भएकोले समग्र पक्षको विष्लेषण नहुनु स्वभाविक हो | विशेष गरि आन्तरिक रोजगारी प्रवर्दन र वैदेशिक रोजगारीका क्षेत्रलाई आधार मानि यो रणनैतिक योजना तर्जुमा गरिएको छ | यद्यपि हालको अवस्थामा रोजगारीको अवस्था कस्तो छ र आगामी पाँच वर्षमा कुन अवस्थामा पुर्याउन सकिन्छ भन्ने विश्लेषण यो रोजगार रणनीतिमा गरिएको छ |

## खण्ड २ वर्तमान अवस्थाको विश्लेषण

नेपाल श्रम शक्ति सर्वेक्षण, २०७४ अनुसार नेपालको बेरोजगारी दर ६.४ प्रतिशत रहेको छ भने पुरुषको र महिलाको बेरोजगारी दर क्रमशः १०.३ र १३.१ प्रतिशत रहेको छ । यसै गरी शहरमा ६.६ प्रतिशत र ग्रामीण क्षेत्रमा १०.९ प्रतिशत बेरोजगारी रहेको छ । नेपालको श्रमशक्ति सहभागिता दर ३८.५ प्रतिशत रहेको छ । यो दर शहरमा ४१.७ प्रतिशत र ग्रामीण क्षेत्रमा ३२.९ प्रतिशत रहेको छ । यसै गरी पुरुष र महिलाको श्रमशक्तिमा सहभागिता दर क्रमशः ५३.८ प्रतिशत र २६.३ प्रतिशत रहेको छ । रोजगारमा रहेको जनसंख्यालाई प्रदेश अनुसार हेर्दा सबैभन्दा बढी ४३.८ प्रतिशत बाग्मती प्रदेशमा र सबैभन्दा कम २४.१ प्रतिशत प्रदेशमा रहेको मधेश प्रदेश छ। बेरोजगारी दरलाई प्रदेशगत रुपमा हेर्दा सबैभन्दा बढी गण्डकी प्रदेशमा २०.१ प्रतिशत र सबैभन्दा कम बाग्मती प्रदेशमा ७ प्रतिशत रहेको छ । नेपालको सबै प्रदेशहरुमा बेरोजगारी दर फरक फरक रहेको देखिन्छ । यसको अर्थ सबै प्रदेशहरुमा रोजगारीका अवसरहरु पनि समान रुपमा रहेको देखिंदैन । जसको परिणाम स्वरुप श्रम बजारको माग र आपूर्ति बीचको सन्तुलन समेत नभएको देखाउँछ । प्रदेश अनुसार श्रमशक्तिमा सहभागिता दर सबैभन्दा बढी मधेश प्रदेशमा ४७.१ प्रतिशत रहेको छ भने सबैभन्दा कम सुदुरपश्चिम प्रदेशमा २७.३ प्रतिशत रहेको छ ।अनौपचारिक तथा असंगठित क्षेत्रमा ६२.२ प्रतिशत व्यक्तिहरु दैनिक ज्यालादारी, मजदुरी तथा श्रमिकको रुपमा कामकाज गरी जीवन निर्वाह गर्ने गरेको देखिन्छ ।

सुनकोशी गाँउपालिकाको रोजगारीको मूल आधार कृषिक्षेत्र हो । कृषिका अतिरिक्त यस गाउँपालिकाका मानिसहरू अन्य विभिन्न पेशामा समेत संलग्न छन् ।

सुनकोशी गाउँपालिकाको कूल जनसंख्या १७७८३ मध्ये १० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्याको विश्लेषण गर्दा कुनै न कुनै रूपमा आर्थिक रूपमा सक्रिय जनसंख्या ७१.४% छ भने आर्थिक रूपमा निस्क्रिय जनसंख्या २८.५% छ । अरूले आफ्नो आर्थिक गतिविधिबारे जानकारी नदिएको कुरा जनगणना २०७८ को प्रतिवेदनका उल्लेख छ ।




१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समयदेखि अघिको १२ महिनासम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्याको विवरण अनुसार निम्न पेशामा संलग्न रहेको पाइयो । सशस्त्र वल, प्राविधिक तथा सहायक पेशाविद्हरू, कार्यालय सहायकहरू, व्यवस्थापक, पेशाविद्हरू, सेवा तथा वस्तु विक्री गर्ने कामदारहरू, कृषि, वन तथा माछापालन कार्यमा दक्ष कामदारहरू, शील्प तथा कारिगरी र यस सम्बन्धी काम गर्ने कामदारहरू, कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरू र सामान्य वा प्राथमिक पेशाका कामदारहरू । यसरी हेर्दा कृषि कार्यमा दक्ष कामदारहरूको संख्या सबै भन्दा वढी रहेको पाइन्छ ।

त्यसै गरी १० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिनासम्म गरेको आर्थिक क्रियाकलापको औधोगिक क्षेत्र अनुसारको जनसंख्या निम्न अनुसार रहेको छ ।


कृषि, निर्माण, बिजुली, पानी, निर्माण, थोक व्यापार, यातायात, आवास, जानकारी, वित्त, घर जग्गा व्यापार, पेशाविद्हरू, व्यवस्थापक, सार्वजनिक प्रशासन, शिक्षा, मानव स्वास्थ्य, कला, घरायसी क्रियाकलाप, र वाह्य संघ संस्था तथा यसका अङ्गहरूका क्रियाकलाप ।

गाउँपालिकाको आर्थिक तथा रोजगागरी सम्बन्धी विस्तृत तथ्याङ्क र जानकारी निम्न तालिका र ग्राफहरूमा समावेश गरिएको छ ।
१० वर्ष र सोभन्दा थिका आर्थिक रुपा सक्रिय रहेका व्यक्तिहरुको आर्थिक क्रियाकलापा सक्रियताको अवस्था अनुसारको जनसंख्या

| विवरण | कुल | पुरुष | महिला |
|---|---|---|---|
| प्राय सक्रिय रहेको रोजगारी | ६५.४ | ७३.६ | ५७.५ |
| प्राय सक्रिय नरहेको रोजगारी | ३४.६ | २६.४ | ४२.५ |

**१० वर्ष र सोभन्दा माथिका अक्सर आर्थिक रुपमा सक्रिय व्यक्तिहरुको रोजगारीको अवस्था अनुसारको जनसंख्या**

| विवरण | कुल | पुरुष | महिला |
|---|---|---|---|
| रोजगार | ९४.४ | ८८.७ | ९४.८ |
| बेरोजगार | ८.६ | ११.३ | ५.२ |




*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*


**१० वर्ष र सोभन्दा माथिका व्यक्तिको आर्थिक क्रियाकलापमा संलग्नता अनुसारको जनसंख्या**

| विवरण | कुल |
|---|---|
| सक्रिय रहेको रोजगारी | १०६०८ |
| सक्रिय नरहेको रोजगारी | ४२३७ |
| अन्य | २ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि अघिको १२ महिनासम्म आर्थिक काम गरेको अवधि (महिना) अनुसारको जनसंख्या**

| विवरण | कुल | पुरुष | महिला |
|---|---|---|---|
| ३ महिनाभन्दा कम | १३.६ | ११.३ | १५.८ |
| ३ महिना वा सोभन्दा बढी तर ६ महिनाभन्दा कम | १७.३ | १५.२ | १९.३ |
| ६ महिना वा सोभन्दा वढी | ३९ | ४४.३ | ३३.९ |
| कुनै पनि आर्थिक काम नगरेका | ३०.१ | २९.१ | ३१ |





*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समयदेखि अघिको १२ महिनासम्म गरेको आर्थिक क्रियाकलापको पेशा अनुसारको जनसंख्या**

| विवरण | कुल | पुरुष | महिला |
|---|---|---|---|
| सशस्त्र बल | ०.२ | ०.४ | ०.०२ |
| व्यवस्थापक | २ | २.६ | १.४ |
| पेशाविद्हरू | २.९ | ३.२ | २.६ |
| प्राविधिक तथा सहायक पेशाविद्हरू | ०.७ | ०.७ | ०.७ |
| कार्यालय सहायकहरू | ०.५ | ०.७ | ०.३ |
| सेवा तथा वस्तु बिक्री गर्ने कामदारहरु | १.९ | २.३ | १.४ |
| कृषि वन र माछापालन कार्यमा दक्ष कामदारहरु | ७६.२ | ७१.९ | ८०.३ |
| शिल्पकला तथा कारिगरी र यस सम्बन्धी व्यापार गर्ने कामदारहरु | २.३ | ४ | ०.६ |
| कारखाना तथा यन्त्र प्रचालक र जडान गर्ने कामदारहरु | १.४ | २.८ | ०.१ |
| सामान्य वा प्राथमिक पेशाका कामदारहरु | १२ | ११.२ | १२.६ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*




*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*


**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले गणनाको समय देखि १२ महिना अगाडिसम्म गरेको मुख्य आर्थिक काम गर्दा रोजगारीको संलग्नता अनुसारको जनसंख्या**

| विवरण | कुल | पुरुष | महिला |
|---|---|---|---|
| कामदार | १२.७ | १७.२ | ८.२ |
| रोजगारदाता | ०.९ | १.१ | ०.६ |
| आफ्नै खाता | ७०.३ | ६९.८ | ७०.९ |
| पारिवारिक आपूर्ति | १६.२ | ११.९ | २०.३ |

*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

**१० वर्ष र सोभन्दा माथिका व्यक्तिले पछिल्लो १२ महिनामा मूख्य आर्थिक कामको संस्थागत क्षेत्र अनुसारको जनंसंख्या**

| विवरण | कुल | पुरुष | महिला |
|---|---|---|---|
| सरकारी | ३.४ | ४.१ | २.७ |
| वित्तिय | ०.३ | ०.५ | ०.०४ |
| गैरवित्तिय | १४.१ | १५.२ | १३ |
| गैर नाफामूलक | ०.३ | ०.४ | ०.१ |
| घरायसी क्षेत्र | ८२ | ७९.८ | ८४.१ |




*स्रोत : केन्द्रीय तथ्याङ्क विभाग*

## खण्ड ३. रणनैतिक विश्लेषण

नेपालको संविधानमा व्यवस्था भएको रोजगारीको हकलाई प्रभावकारी रुपमा कार्यान्वयन गर्दै आफ्नो क्षमता अनुसारको रोजगारी छनौट गर्ने तथा रोजगारीको सर्त अवस्था वेरोजगार सहायता सम्बन्धमा आवश्यक व्यवस्था गर्न रोजगारीको हक सम्बन्धि ऐन र नियामावली, २०७५ तर्जुमा भइ कार्यान्वयनमा रहेको छ । समाजमा रहेका अति विपन्न, विपन्न, महिला, दलित, जनजाति, अल्पसंख्यक एवं रोजगारीका कुनैपनि अवसरहरु प्राप्त नगरेका नागरिकहरुका लागि न्यूनतम रोजगारीको प्रत्याभूत गर्ने गरि प्रधानमन्त्री रोजगार कार्यक्रम संघीय सरकार, प्रदेश सरकार र स्थानीय सरकारको साझा कार्यक्रमका रुपमा संचालन भईरहेको छ । हालसम्म संघीय सरकारले र स्थानीय सरकारले मात्र थोरै संख्यामा प्रत्यक्ष रोजगारी सृजना गर्दै आएकोमा ठूलो संख्यामा अझै पनि बेरोजगारीको अवस्था विद्यमान रहेकोले निजि क्षेत्र, गैर सरकारी, क्षेत्रहरुको समन्वयमा रोजगारी सृजनाका लागि स्थानीय रोजगार रणनीति आवश्यक देखिन्छ ।

### १. विद्यमान कानुनी व्यवस्था

नेपालको संविधान, २०७२ को धारा ३२ मा रोजगारीको हक र धारा ३४ मा श्रम सम्बन्धी हकलाई मौलिक हकको रुपमा व्यवस्था गरेको छ । रोजगारीको हकमा प्रत्येक नेपाली नागरिकलाई रोजगारीको हक र रोजगारीको छनौट गर्न पाउने हक हुनेछ भनिएको छ । संविधानको धारा ५१ को खण्ड (झ) मा श्रम तथा रोजगार सम्बन्धी नीति समावेश गरिएको छ । जसमा सबैले काम गर्न पाउने अवस्था सुनिश्चित गर्दै देशको मुख्य सामाजिक आर्थिक शक्तिको रूपमा रहेको श्रमशक्तिलाई दक्ष र व्यावसायिक बनाउने र स्वदेशमा नै रोजगारी अभिवृद्धि गर्ने, श्रमिकको आधारभूत अधिकार सुनिश्चित गर्दै सामाजिक सुरक्षा प्रत्याभूत गर्ने, बालश्रम लगायत श्रम शोषणका सबै रुपको अन्त्य गर्ने, श्रमिक र उद्यमी व्यवसायी बीच सु-सम्बन्ध कायम गर्ने, वैदेशिक रोजगारीबाट आर्जन भएको पूँजी, सीप, प्रविधि र अनुभवलाई स्वदेशमा उत्पादनमूलक क्षेत्रमा लगाउन प्रोत्साहन गर्ने नीति अंगिकार गरेको छ ।प्रत्येक नागरिकलाई रोजगारीको हक सुनिश्चित गर्न, क्षमता अनुसारको रोजगारी छनौट गर्ने अवसर प्रदान गर्न तथा रोजगारीको शर्त, अवस्था तथा बेरोजगार सहायता प्रदान गर्न रोजगारीको हक सम्बन्धी ऐन, २०७५ तथा रोजगारीको हक सम्बन्धी नियमावली, २०७५ जारी भई कार्यान्वयनमा रहेको छ । रोजगारीको हक सम्बन्धी ऐन, २०७५ मा बेरोजगार ब्यक्तिलाई न्यूनतम् एक सय दिनको रोजगारीको व्यवस्था गरिएको छ। मुलुकको जनशक्तिलाई अन्तराष्ट्रिय बजारको माग अनुरुप ज्ञान र सीप प्रदान गरि दक्ष, क्षमतावान र प्रतिस्पर्धी श्रमशक्तिको रुपमा विकास गर्दै उनीहरुको प्रवेशलाई सुरक्षित, व्यवस्थित र मर्यादित बनाउने उद्देश्यका साथ वैदेशिक रोजगार नीति, २०६८ कार्यान्वयन भई रहेको छ । नेपालमा उपलब्ध श्रमशक्तिलाई प्रतिस्पर्धी बनाई सक्षम श्रम बजारको माध्यमद्वारा उत्पादनशील, मर्यादित एवं सुरक्षित रोजगारीमा संलग्न गराई राष्ट्रिय अर्थतन्त्रलाई सबल र गतिशील बनाई गरिबी निवारणमा योगदान पुर्याउने दुरदृष्टि रहेको राष्ट्रिय रोजगार रणनीति, २०७१ कार्यान्वयनमा रहेको छ। पन्ध्रौ योजनाले सबै नागरिकलाई मर्यादित एवम् उत्पादनशील रोजगारीका अवसरको उपलब्धता गराउने

सोचका साथै उत्पादनशील क्षेत्रमा रोजगारी अभिवृद्धि गरि बेरोजगारी दर तथा श्रमको अल्प उपयोगमा उल्लेख्य रुपमा कमी ल्याउने लक्ष्य राखेको छ।

## खण्ड ४. रणनैतिक सवालहरु

### १. रोजगारीका समस्या र चुनौतिहरु

रोजगारमैत्री लगानीलाई प्रोत्साहन गर्न नसक्नु, वैदेशिक रोजगारीबाट प्राप्त ज्ञान, सीप, पूँजी र प्रविधिको परिचालन हुन नसक्नु, घरेलु तथा साना उद्योगधन्दाको कमी हुनु, उद्यमशिलता एवं स्वरोजगारलाई प्रवर्द्धन गर्न नसक्नु, सीपयुक्त दक्ष जनशक्ति उत्पादन गर्न नसक्नु, काम प्रति सम्मानको कमी हुनु, श्रम, सीप र उत्पादनबीच तादम्यता कायम हुन नसक्नु, उत्पादनशील रोजगारी पर्याप्त रुपमा सृजना हुन नसक्नु, श्रम बजार सूचना प्रणालीको अभाव हुनु, स्थानीय रोजगारदाताहरुको पहिचान एवं सूचीकरण नहुनु, श्रम तथा रोजगार सम्बन्धी स्थानीय नीति नियमको अभाव हुनु आदि रोजगारीका समस्याहरु रहेको छ । रोजगारी तथा श्रम सम्बन्धी हकलाई कार्यान्वयन नगर्नु, रोजगार सेवा केन्द्रलाई सक्षम र सबल नबनाउनु, गाउँपालिकामा रहेका रोजगारीका अवसरहरुको पहिचान तथा नक्सांकन नगर्नु, श्रम बजारको माग अनुसारको सीपमूलक दक्ष जनशक्ति तयार नगर्नु, रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन नगर्नु, श्रम बजारको माग अनुसारको जनशक्ति आपूर्ति गर्न नसक्नु, स्थानीय पाठ्यक्रमलाई व्यावहारिक र रोजगारमलुक बनाई उद्यमशीलिता विकास नगर्नु आदि रोजगारीका मुख्य चुनौतीहरुको रहेको छ।

## खण्ड ५. दुरदृष्टि, लक्ष्य, उदेश्यहरु

### १. दुरदृष्टि

"स्थानीय मानवसंसाधनलाईलाई समयसापेक्ष, प्रतिस्पर्धी र मर्यादित बनाउँदै, आधुनिक प्रतिस्पर्धि र उत्पादनशील रोजगारी प्रवर्धन गरी आयआर्जन तथा जीविकोपार्जनमा योगदान पुर्याउदै स्थानीय अर्थतन्त्रलाई गतिशील बनाई गरिबी र बेरोजगारी न्यूनीकरणमा सहयोग गर्ने।"

### २.लक्ष्य

"स्थानीयस्तरमा रोजगारीका सम्भावनाहरुको पहिचान र प्रवर्धन गर्दै दक्ष, प्रतिस्पर्धी र क्षमतावान मानवसंसाधन उत्पादन गरि श्रम बजारको मागलाई सम्बोधन गर्ने।'

### ३.उद्देश्यहरु

(१) उत्पादनशील र मर्यादित रोजगारीका अवसरहरुमा वृद्धि गर्नु,
(२) न्यूनतम रोजगारीको प्रत्याभूति गर्नु,
(३) दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्नु,
(४) सबै प्रकारका श्रम शोषणको अन्त्य गर्नु,
(५) वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउनु,

(६) आप्रवासीहरुको सामाजिक एवं आर्थिक रुपमा पुनः एकीकरण गर्नु,
(७) रोजगारमैत्री लगानी प्रोत्साहन गर्नु ।

**खण्ड ६. प्रमुख रणनीतिहरु**

६.१ आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने ।

६.२ श्रम बजारको माग अनुसारको दक्ष, सीपयुक्त, क्षमतावान र प्रतिस्पर्धी जनशक्ति तयार गर्ने।

६.३ रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाई रोजगारीको हकलाई कार्यान्वयन गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराउने ।

६.४ श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न तथा श्रम प्रतिको सम्मान अभिवृद्धि गर्दै आन्तरिक रोजगारीका अवसरहरुमा उपलब्ध श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने।

६.५ वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनःएकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्ने ।

६.६ नविन सोच, ज्ञान, सीप, पुँजी र प्रविधिलाई उपयोग गरि स्थानीय अर्थतन्त्रलाई गतिशील र सुदृढ बनाउन उद्यमशिलताको विकास र प्रवर्द्धन गर्ने।

६.७ श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने।

**खण्ड ७. रणनैतिक कार्ययोजना**

७.१ रणनीति ६ .१ “आन्तरिक रोजगारीका अवसरहरुमा वृद्धि गर्न रोजगारीका सम्भावित क्षेत्रहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गर्ने संग सम्बन्धित कार्यनीतिहरु ।

७.१ गाउँपालिका भित्र आन्तरिक रोजगारीका सम्भावित अवसरहरुको पहिचान एवं रोजगार सम्बद्ध सरोकारवाला तथा सेवाहरुको नक्सांकन गरिनेछ ।

७.२ गाउँपालिकाको विकास खर्चलाई रोजगारी सृजनासंग जोडिनेछ ।

७.३ आन्तरिक रोजगार प्रवर्द्धन गर्नका लागि अन्तर सरकार समन्वय र सहकार्य गरिनेछ।

७.४ रोजगारीका थप अवसर सृजना गर्नका लागि औधोगिक ग्राम स्थापनाका लागि समन्वय र सहकार्य गरिनेछ।

७.५ गरिबी निवारण र रोजगारी सृजना सम्बन्धी कार्यहरुलाई एकीकृत रुपमा सञ्चालन गर्न आवश्यक नीति निर्माण गर्नुको साथै अन्य तह वा निकायहरुसंग पनि समन्वय तथा सहकार्य गरिनेछ।

**७.२ रणनीति ६.२ “श्रम बजारको माग अनुसारको सीपयुक्त दक्ष, प्रतिस्पर्धी र क्षमतावान जनशक्ति तयार गर्ने” संग सम्बन्धित कार्यनीतिहरु**

७.२.१ विश्व श्रम बजारमा Automation र Artificial Intelligence (AI) प्रयोग बढदै गएको सन्दर्भमा सूचना प्रविधिको क्षेत्रमा अधिक रोजगारीका अवसरहरु सृजना हुने भएकोले विद्यालय तहदेखि नै कम्प्युटर शिक्षा सञ्चालन गरिनेछ ।

७.२.२ गन्तव्य मुलुकको श्रम बजारको मागका आधारमा सीपमूलक तालिम सञ्चालन गरि दक्ष जनशक्ति तयार गरि वैदेशिक रोजगारीमा जान प्रोत्साहन गरिनेछ ।

७.२.३ निर्माण क्षेत्रमा दिगो रोजगारीका अवसरहरु सिर्जना गर्न विभिन्न किसिमका सीपमूलक तालिमहरु, जस्तैः ब्रिक मेसन, प्लम्बर, ईलेक्ट्रिसियन, पेन्टिङ्ग, स्काफोल्डर लगायत अन्य तालिमहरु सञ्चालन गरि निर्माण क्षेत्रसंग सम्बन्धित दक्ष जनशक्ति उत्पादन गरि स्थानीय श्रम बजारमा आफूर्ति गरिनेछ।

७.२.४ स्थानीय तहमा भएका पर्यटकीय क्षेत्रको विकास, नयाँ नयाँ पर्यटन क्षेत्रको पहिचान, विकास र विस्तार गरि पर्यटन क्षेत्रमा आवश्यक जनशक्ति आपूर्ति गर्न होटेल व्यवसाय, होम स्टे, अतिथि सत्कार जस्ता विषयसंग सम्बन्धित सीप विकासका कार्यक्रमहरु सञ्चालन गर्न अन्य सरकारी निकाय, गैर सरकारी संघसंस्था तथा निजी क्षेत्रसंग समन्वय र सहकार्य गरि रोजगारी सृजनामा जोड दिईनेछ ।

७.२.५ गरिबी न्यूनीकरणमा सहयोग पुग्ने गरि विभिन्न निकाय एवं क्षेत्रबाट सञ्चालित प्राविधिक तथा व्यवसायिक रोजगारमूलक एवं सीपमूलक तालिमहरुमा समेत सहकार्य गरिनेछ ।

७.२.६ रोजगारीको क्षेत्रमा बढदै गरेको प्रविधिको प्रयोगलाई मध्यनजर गरि अधिकतम रोजगारी सृजना हुने क्षेत्रहरुको पहिचान गरि नवीनतम सीप विकासका कार्यक्रम सञ्चालन गरिनेछ ।

७.२.७ रोजगार तथा स्वरोजगारमूलक शिक्षा र सीप विकास तालिम कार्यक्रम सञ्चालन गरिरहेका सरकारी, गैरसरकारी एवं निजी क्षेत्रसंग समन्वय र साझेदारी गरिनेछ ।

७.२.८ स्थानीय स्तरमा उपलब्ध श्रम, श्रोत साधन, पुँजी र प्रविधिको उपलब्धताको आधारमा विभिन्न किसिमका सीपमूलक, रोजगारमूलक, व्यावसायिक तथा प्राविधिक तालिमहरू सञ्चालन गरि दक्ष, सक्षम र उत्पादनशील जनशक्ति उत्पादन गर्न स्थानीय स्वरोजगार कोषको स्थापना गरिनेछ ।

७.२.९ रोजगारमूलक तथा सीपमूलक तालिमहरु सञ्चालन गरि दक्ष जनशक्ति निर्माण गर्न बहु-विषयगत सीप विकास तालिम केन्द्र स्थापना गरिनेछ ।

**७.३, रणनीति ६.४ “रोजगार सेवा केन्द्रलाई सक्षम र सबल बनाई रोजगारीको हकलाई कार्यान्वयन गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीका अवसरमा संलग्न गराउन” संग सम्बन्धित कार्यनीतिहरु**

७.३.१ रोजगार संवाद मञ्चलाई गतिशिल बनाई दिगो रुपमा रोजगारीका अवसरहरु सृजना गर्न रोजगार सम्बद्ध सरोकारवालाहरुसंगको छलफल र सहभागितामा आवश्यक रोजगार योग्य (**Employability**) कार्यक्रमहरु सञ्चालन गर्न गैर सरकारी संघसंस्था एवं निजी क्षेत्रसंग समन्वय गरिनेछ ।

७.३.२ स्थानीय तह भित्रको अनौपचारिक क्षेत्रमा रहेको रोजगारीलाई औपचारिक क्षेत्रमा रुपान्तरण गर्न सम्भावित औपचारिक क्षेत्रहरुको पहिचान गरि रोजगारमैत्री कार्यक्रमहरु सञ्चालन गरि रुपान्तरण गरिदै लगिनेछ।

७.३.३ गाउँपालिकाको विकास निर्माण आयोजनाहरुमा समेत बेरोजगार व्यक्तिहरुलाई परिचालन गरिनेछ।

७.३.४ रोजगार विनिमय सेवा सञ्चालन गर्न रोजगार सेवा केन्द्र र कर्मचारीको क्षमता विकास एवं सुदृढीकरण गरिनेछ ।

७.३.५ रोजगार सम्बद्ध विभिन्न योजना, कार्ययोजना र कार्यनीतिहरु तर्जुमा गरिनेछ।

७.३.६ रोजगारको खोजीमा रहेका बेरोजगार व्यक्तिहरुलाई रोजगार सेवा केन्द्रबाट बेरोजगार सहायता उपलब्ध गराईनेछ ।

७.३.७ स्थानीय एवं राष्ट्रिय स्तरमा उपलब्ध रोजगारीका अवसरहरुको सूचना एवं जानकारी गाउँपालिकाको वेभसाईट वा फेसबुक पेज मार्फत सम्प्रेषण गरिनेछ।

७.३.८ स्थानीय तहमा उपलब्धमा सीप, अनुभव र योग्यताको आधारमा रोजगारीका अवसर उपलब्ध नभएमा अन्तर तह वा निकायसंग समन्वय गरि उपलब्ध रोजगारीका अवसरहरुमा आवश्यक पहल गरिनेछ।

७.३.९ रोजगारी सिर्जनाका लागि विभिन्न निकायबाट सञ्चालन हुने कार्यक्रम तथा आयोजनामा बेरोजगार व्यक्तिलाई न्यूनतम रोजगारी प्रदान गर्नको लागि आवश्यक समन्वय गरिनेछ।

७.३.१० न्यूनतम रोजगार प्रत्याभूत योजना तर्जुमा गरि बेरोजगार व्यक्तिहरुलाई रोजगारीमा संलग्न गराईनेछ।

७.३.६ तीनै तहको सरकारको सक्रिय सहभागिता र साझेदारीमा रोजगार कार्यक्रमहरु सञ्चालन गरिनेछ।

७.३.७ रोजगारी सिर्जनाका लागि सक्षम र जवाफदेही संस्थागत क्षमता विकास गरिनेछ ।

७.३.१३ गाउँपालिका भित्र संचालन गरिने विभिन्न किसिमको छोटो वा लामो अवधिको सीपमूलक तथा रोजगारमूलक तालिमहरुलाई एकद्वार प्रणालीबाट रोजगार सेवा केन्द्रबाट सञ्चालन गरिनेछ ।

७.३.१४ सक्षम र दक्ष जनशक्तिको विकास तथा आन्तरिक रोजगारीको प्रवर्धन गर्न सूचिकृत बेरोजगारहरुलाई आवश्यक सीपमुलक तथा रोजगारमूलक तालिम सञ्चालन गरिनेछ।

**७.४, रणनीति ६.४ “श्रम बजारमा देखिएको भेदभावलाई न्यूनीकरण गर्न तथा श्रम प्रतिको सम्मान अभिवृद्धि गर्दै आन्तरिक रोजगारीका अवसरहरुमा उपलब्ध श्रमशक्तिहरुको पहुँच तथा क्षमता अभिवृद्धि गर्ने संग सम्बन्धित कार्यनीतिहरु**

७.४.१ दलित महिला, शहिद परिवार, एकल महिला, अपाङ्ग तथा बञ्चितीकरणमा परेका वर्गहरुलाई लक्षित गरि रोजगारयोग्य कार्यक्रम चलाईनेछ ।

७.४.२ रोजगारीको क्षेत्रमा देखा पर्ने लैंगिक, भौगोलिक, जातिगत वा अन्य सबै प्रकारको भेदभावलाई निराकरण गर्न श्रमको सम्मान, राष्ट्रको अभियानलाई प्रभावकारी रुपमा सञ्चालन गरिनेछ।

७.४.३ बालश्रम, बाध्यकारी श्रम लगायत सबै प्रकारको श्रम शोषणलाई अन्त्य गर्न आवश्यक सचेतनामूलक कार्यक्रमहरु सञ्चालन गरि निरुत्साहित गरिनेछ।

७.४.४ स्थानीय स्तरमा श्रम विवाद समाधान गर्न एवं असल श्रम सम्बन्ध विकास गर्न सरोकारवालाहरुसंग नियमित सम्वाद गर्न स्थानीय रोजगार सम्वाद मञ्चलाई सक्षम बनाई प्रभावकारी रुपमा परिचालन गरिनेछ ।

७.४.५ बालश्रम अन्त्य गर्न बालश्रम गुरुयोजनाको प्रभावकारी कार्यान्वयनमा आवश्यक सहयोग र सहकार्य गरिनेछ ।

७.४.६ रोजगारदाताले कुनै श्रमिकलाई काममा लगाए वापत सरकारले तोकेको ज्याला दर अनुसारको पारिश्रमिक उपलब्ध नगराउने रोजगारदातालाई आवश्यक कानूनी कार्बाहीको लागि सम्बन्धित निकायमा पहल गरिनेछ।

**७.५ रणनीति ६.५ "वैदेशिक रोजगारीलाई सुरक्षित, व्यवस्थित, मर्यादित र शोषण रहित बनाउन आवश्यक सहयोग गर्नुको साथै वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुलाई पुनःएकीकरण गर्न समन्वय, सहकार्य र साझेदारी गर्ने" संग सम्बन्धित कार्यनीतिहरु**

७.५.१ वैदेशिक रोजगारीमा जाने व्यक्तिहरुलाई लक्षित गरि वैदेशिक रोजगारीका अवसर चुनौती र जोखिमहरुको बारेमा अभिमुखीकरण कार्यक्रम सञ्चालन गरि सचेतना अभिवृद्धि गरिनेछ ।

७.५.२ वैदेशिक रोजगारीबाट फर्केका पिडितहरुका लागि मनोसामाजिक परामर्श, कानूनी परामर्श, रेफरल सेवा लगायतका अन्य सेवाहरु सञ्चलान गरि पुनः एकीकरणमा जोड दिईनेछ ।

७.५.३ वैदेशिक रोजगारीबाट फर्केका व्यक्ति तथा तिनका परिवारहरुलाई लक्षित गरि सामाजिक, आर्थिक र मनोसामाजिक रुपमा पुनः एकीकरणका लागि आवश्यक कार्यकम सञ्चालन गर्न संघीय सरकार, प्रदेश सरकार र गैर सरकारी संघसंस्थाहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

७.५.४ वैदेशिक रोजगारीमा रहेका श्रमिक र तिनका परिवार लक्षित कल्याणकारी सेवाहरुको वितरणमा आवश्यक सहयोग गरिनेछ।

७.५.५ सुरक्षित आप्रवासनका लागि आप्रवासी स्रोत उप-केन्द्र स्थापना गरिनेछ ।

**७.६ रणनीति ६.६ "वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको ज्ञान, सीप, पुँजी र प्रविधिलाई उपयोग गरि स्थानीय अर्थतन्त्रलाई सुदृढ बनाउन उद्यमशिलताको विकास गर्ने" संग सम्बन्धित कार्यनीतिहरु**

७.६.१ उद्यमशिलता विकास तालिम सञ्चालन गरि स्वरोजगारी अभिवृद्धिमा जोड दिईनेछ।

७.६.२ वैदेशिक रोजगारीबाट आर्जन भएको ज्ञान, सीप र प्रविधिलाई प्रमाणीकरण गर्न सम्बन्धित निकायहरुसंग समन्वय र सहकार्य गरिनेछ ।

७.६.३ वैदेशिक रोजगारीबाट प्राप्त सामाजिक तथा आर्थिक विप्रेषणलाई गाउँपालिकाभित्र उत्पादनमूलक क्षेत्रमा परिचालन गर्न वित्तीय साक्षरता सम्बन्धी तालिम एवं अभिमुखीकरण कार्यक्रम सञ्चालन गरिनेछ।

७.६.४ उद्यमशिलता विकासमा सहकारी संस्थाहरु, सामुदायिक संस्थाहरु, बैंक तथा वित्तीय संस्थाहरुलाई लगानी गर्न प्रोत्साहन गरि नयाँ उद्यमी सृजना गरि स्वरोजगारमा वृद्धि गरिनेछ ।

७.६.५ वैदेशिक रोजगारीबाट फर्केका व्यक्तिहरुको सामाजिक एवं आर्थिक विप्रेषणलाई उद्यमशिलता प्रवर्द्धनमा परिचालन गरि सम्मुनत गाउँ निर्माणमा जोड दिईनेछ।

७.६.६ स्थानीय तह, प्रदेश सरकार, संघीय सरकार लगायत वित्तीय क्षेत्र, गैरसरकारी क्षेत्रको सहयोग र सहकार्यमा वित्तीय साक्षरता (Financial Literacy) र वित्तीय पहुँच (Access to Financing) मार्फत स्थानीय तहमा उद्यमशिलता प्रवर्द्धन गरिनेछ ।

७.६.७ गरिबी निवारण कोषद्वारा निर्मित सामुदायिक संस्थाहरुमा रहेको पुंजी र अन्य स्रोत साधनलाई उत्पादनशील क्षेत्रमा लगानी गर्ने व्यवस्था गरि उद्यमी र उद्यमशीलता विकास गरिनेछ।

७.६.८ आन्तरिक रोजगारी सृजनाका लागि स्थानीय प्रविधिको उपयोग गरि स्थानीय स्तरमा उत्पादित वस्तुको खपत तथा उपभोग गर्न प्रचारप्रसारको व्यवस्था गरिनेछ ।

७.६.९ वैदेशिक रोजगारीबाट प्राप्त विप्रेषणलाई बचत गरि उत्पादनमूलक क्षेत्रमा लगानी गर्न सचेतना अभिवृद्धि गरिनेछ।

७.६.१० स्वरोजगार हुन चाहने व्यक्तिहरुलाई विभिन्न बैंक तथा वित्तीय संस्था मार्फत सहुलियतपूर्ण ऋण उपलब्ध गराउने व्यवस्था मिलाईनेछ ।

७.६.६ नयाँ नयाँ उद्यम व्यवसायको पहिचान र विकास गरी रोजगारी सृजना गरिनेछ।

७.६.७ उद्यम व्यवसाय गर्न चाहने युवाहरूलाई उत्पादनशील व्यावसायिक योजनाको आधारमा स्थानीय स्वरोजगार कोषबाट अनुदान वा सहुलियत पूर्ण ऋण सुविधा उपलब्ध गराईनेछ ।

७.६.१३ उपलब्ध श्रोत साधनको आधारमा उद्यमशिलताको विकास, प्रवर्द्धन र व्यवस्थित गर्न उद्यम विकास रणनीतिक योजना तयार गरी कार्यान्वयन गरिनेछ ।

७.६.१४ उद्यम व्यवसाय सञ्चालन गर्न इच्छुक सूचीकृत बेरोजगार व्यक्तिहरुका लागि निःशुल्क व्यवसाय दर्ता गरिनेछ ।साथै व्यवसाय विकास सम्बन्धी निःशुल्क परामर्श सेवा उपलब्ध गरिनेछ ।

७.६.१५ व्यवसाय सम्वर्द्धन केन्द्र (Business Incubation Center) को स्थापना गरि उद्यमशीलताको विकास र प्रवर्द्धन गरिनेछ ।

**७.७ रणनीति ६ .७ “श्रम तथा रोजगार सम्बन्धी आवश्यक तथ्यांक संकलन, प्रशोधन, प्रकाशन र प्रशारण गर्ने संग सम्बन्धित कार्यनीतिहरु**

७.७.१ वैदेशिक रोजगारीमा जाने र फर्किनेहरुको तथ्यांकहरुलाई व्यवस्थित गरिनेछ।

७.७.२ बालश्रम मुक्त स्थानीय तह घोषणा गर्न आवश्यक तथ्यांक संकलन गरिनेछ।

७.७.३ स्थानीय तहभित्र सञ्चालित उद्यम, व्यवसाय, प्रतिष्ठान, कम्पनीहरु लगायत अन्य निजी क्षेत्रको व्यवसायिक घरानाहरुमा रोजगारीमा रहेका व्यक्तिहरुको तथ्यांक संकलन गरिनेछ ।

७.७.४ रोजगारीका लागि छिमेकी मुलुक भारत र बाह्य देशहरुमा जाने कामदारहरुलाई स्थानीय तहमा दर्ता हुने नीतिगत व्यवस्था गरि परिचयपत्र जारी गरिनेछ र सो को अभिलेख दुरुस्त राखिनेछ।

७.७.५ स्थानीय तहभित्रबाट वैदेशिक रोजगारीमा जाने तथा फर्किने व्यक्तिहरुको अभिलेख संकलन गरिनेछ।

७.७.६ सुनकोशी आप्रवासन प्रोफाईलिङ्ग र रोजगार सम्बद्ध सरोकारवाला एवं सेवाहरुको नाक्सांकन गरिनेछ।

७.७.७ स्थानीय तहभित्रका रोजगारदाताहरुको अभिलेखीकरण गरि उपलब्ध हुने रोजगारीको संख्याको आधारमा रोजगारीमा प्रतिस्थापन गरिनेछ।

७.७.८ स्थानीय तहभित्र रहेका बेरोजगार व्यक्तिको तथ्यांक संकलन तथा विस्लेषण गरी बेरोजगारको सूची अद्यावधिक गरिदै लगिनेछ।

७.७.९ सूचना प्रविधिको प्रयोग गरि स्थानीय तहभित्रका सबै घरधुरीहरुको सर्वेक्षण गरि गरिब घरपरिवारको पहिचान गर्दै परिचय पत्र वितरण गरिनेछ ।

७.७.१० गाउँपालिका भित्रका विभिन्न क्षेत्र तथा विषयका दक्ष जनशक्तिहरुको तथ्यांक संकलन एवं व्यवस्थापन गरिनेछ ।

**खण्ड ८ . श्रोत परिचालन र बजेट व्यवस्थापन**

यो रणनीतिक योजना कार्यान्वयन गर्न रोजगार सेवा केन्द्रलाई आवश्यक स्रोत साधनको व्यवस्थापन गाउँ-कार्यपालिकाले गर्नेछ । यस रणनीतिको प्रभावकारी कार्यान्वयनका लागि सरकारी क्षेत्र, निजी क्षेत्र, सहकारी, राष्ट्रिय/अन्तराष्ट्रिय गैर सरकारी संघसंस्था एवं अन्य विकास साझेदारहरुको आर्थिक एवं प्राविधिक स्रोत साधन परिचालन गर्नुको साथै समन्वय र सहकार्य समेत गर्न सकिनेछ।

**खण्ड ९. अनुगमन तथा मूल्यांकन**

स्थानीय निर्देशक समितिले रणनीति कार्यान्वयनको अनुगमन गरि सो को प्रतिवेदन गाउँकार्यपालिका समक्ष पेश गर्नेछ । अनुगमन प्रतिवेदनको आधारमा गाउँकार्यपालिकाको पृष्ठपोषण बमोजिम स्थानीय निर्देशक समितिले रोजगार सम्बद्ध सरोकारवालाहरुसंगको छलफल एवं परामर्शमा रणनीतिमा पुनरावलोकन एवं सुधार गर्न आवश्यक भएमा सुधार गर्नुपर्ने पक्षहरु समेटिएको प्रतिवेदन गाउँकार्यपालिकालाई पेश गर्नु पर्नेछ । रणनीति कार्यान्वयनबाट पहिचान गरिएका विभिन्न क्षेत्रहरुमा रोजगारीका अवसरहरुमा भएको वृद्धि एवं देखिएको प्रभाव सम्बन्धमा स्थानीय निर्देशक समितिको राय परामर्शमा रणनीतिको मूल्याँकन वा प्रभाव मूल्यांकन गर्न सकिनेछ।

**खण्ड १० . जोखिम पहिचान तथा व्यवस्थापन**

रोजगार रणनीतिक योजना कार्यान्वयनका क्रममा आउन सक्ने सम्भावित जोखिमहरुलाई देहाय बमोजिम उल्लेख गरिएको छ।

१. स्रोतको व्यवस्थापन

२. सरकारी, गैरसरकारी, सहकारी, निजी क्षेत्र र विकास साझेदार संस्थाहरुसंग समन्वय र सहकार्य

# अनुसूचीहरु

## अनुसूची १

## सुनकोशी गाउँपालिकाको ५ वर्षे रणनैतिक योजनाको कार्यान्वयन कार्ययोजना

| | | | | | | |
|---|---|---|---|---|---|---|
| **रणनैतिक स्तम्भ नं १ आन्तरिक रोजगारी प्रवर्दन तथा गरिवी न्यूनीकरण** | | | | | | |
| रणनीति १.१ आन्तरिक रोजगारी प्रवर्दन । | | | | | | |
| कार्यनीति १.१.१ न्यूनतम रोजगारीको प्रत्याभूति सहित स्थानीय श्रम बजारको माग बमोजिम रोजगार सेवा प्रदान | | | | | | |
| क्र.स | क्रियाकलाप | जिम्मेवार निकाय | सहयोगी निकाय | समयावधि | कार्य सम्पादन सूचक | जोखिम |
| | क | ख | ग | घ | ङ | |
| १. | स्थानीय स्तरमा विकास निर्माणमा सहभागिता | सुनकोशी गाउँपालिका | सरोकार वाला | पहिलो वर्ष | सुनकोशी गाउँपालिकाको विकास बजेटमा सुचिकृत वेरोजगारीको उपस्थिति हुने | ख |
| २. | न्यूनतम रोजगारीको प्रत्याभूतिका क्रियाकलापलाइ उत्पादनशिल रोजगारीका क्षेत्रमा संलग्न गराउने | रोजगार सेवा केन्द्र | सरोकार वाला | दोस्रो वर्ष | उत्पादनमुलक रोजार छनौट | क र ग |
| १.१.२ श्रम तथा श्रमिक प्रतिको धारणामा व्यवहारिक परिवर्तन गरिने छ । | | | | | | |
| ३. | सबै प्रकारका काम गर्ने श्रमिकलाई समान व्यवहार गर्ने वातावरण सिर्जनाका लागि सचेतना मुलक क्रियाकलाप संचालन | रोजगार सेवा केन्द्र | विषयगत समितिहरु /सरोकार वाला संथाहरु | तेस्रो वर्ष | श्रम तथा श्रमिक प्रतिको भेदभावको अन्त्य हुने | क |
| १.१.३ श्रम बजारको माग र आपूर्ति तथा सिप र क्षमताको आवधिक रुपमा अन्तर विश्लेषण गरिने छ । | | | | | | |

| | | | | | | |
|---|---|---|---|---|---|---|
| ४. | श्रमिक र सिपको माग तथा आपूर्तिको सूचना संकलन, प्रशोधन र परिचालन गर्ने | रोजगार सेवा केन्द्र | व्यवसायिक सिप विकास प्रतिस्ठान र विषयगत शाखाहरु | निरन्तर | सिपको माग र आपूर्ति बीच सन्तुलन भएको हुने | क र ग |
| १.१.३ सरकारी, निजि, सहकारी र गैरसरकारी क्षेत्र संग समन्वय सहकार्य र साझेदारीमा रोजगारीको थप अवसर सिर्जना गर्ने । | | | | | | |
| ५. | रोजगार विनिमय सेवा उपलब्ध गराउने | रोजगार सेवा केन्द्र | संघीय सरकार, प्रदेश र स्थानीय तह | चौथो वर्ष | श्रमिकले एकीकृत रोजगार सेवा तथा सुबिधा प्राप्त गर्ने | क र ग |
| १.१.५ रोजगारीको अवसर एवं सम्भावनाको पहिचान गर्न सरोकार वालाहरुसंग संवाद र समन्वय गरिने छ । | | | | | | |
| ६. | रोजगारी सिर्जना र निति निर्माणमा राय सुझाव प्राप्त गर्ने | रोजगार सेवा केन्द्र | सरोकार वाला | पाँचौ वर्ष | रोजगारी सिर्जनाका विविध पक्षहरुको विश्लेषण भइ रोजगारी सिर्जनामा वृद्धि भएको हुने | ग |

**अनुसूची २**

## सुनकोशी गाउँपालिकाको रोजगार रणनीति खाका

| क.स | नतिजा सूचक | एकाइ | आधार तथ्याङ्क | लक्ष्य ( आ.व) अनुसार | | | | |
|---|---|---|---|---|---|---|---|---|
| | | | | २०८१-८२ | २०८२-८३ | २०८३-८४ | २०८४-८५ | २०८५-८६ |
| १. | आन्तरिक रोजगारी प्रवर्दन । | प्रतिशत | ९ % | १५ % | २५% | ३५% | ४० % | ४५% |
| २. | श्रम तथा श्रमिक प्रतिको धारणामा परिवर्तन | प्रतिशत | ४.५% | १५% | ३० % | ४० % | ५० % | ७० % |
| ३. | श्रमिक र सिपको माग तथा आपूर्तिको सूचना संकलन | प्रतिशत | ०.५ % | ५% | १५% | ३०% | ६०% | ८०% |
| ४. | रोजगार विनिमय सेवा | प्रतिशत | ०.५% | ७% | १५% | २०% | ३०% | ४०% |
| ५. | रोजगार मुलक सेवाको अभिलेखांकन | प्रतिशत | ४% | १०% | २५% | ३५% | ५०% | ६०% |

**अनुसूची-३**

**रोजगारको खोजीमा रहेका व्यक्तिले भर्ने वैयक्तिक विवरणको फाराम**

**१. नाम :**......................................

**स्थायी ठेगाना :** .......................... जिल्ला, ........................................ गाउँपालिका / गाउँपालिका ....... वडा ....................................टोल/वस्ती/वडा..........घर नम्बर

**पत्राचार गर्ने ठेगानाः** ...................जिल्ला ..............................गाउँपालिका/गाउँपालिका ............वडा ................टोल/बस्ती/वडा.....................घर नम्बर

**इमेलः**.................................................................

**सम्पर्क फोन नं.** ................................. **मोबाइल नं.** ................................................

**२. नागरिकता प्रमाणपत्र नं.** ....................................... नागरिकता जारी भएको जिल्लाः ............

जारी मितिः ................................

**(रास्ट्रीय परिचय पत्र नंः ..................................................................)**

**३. वैयक्तिक प्रोफाइल (Summary Profile) :**..............................................

..................................................................................................................................

.............................. ......................................... ................................................

.............................. ......................................... ................................................

**विशेषज्ञता / क्षमता / कार्य अनुभव रहेको क्षेत्र (Specialist Area) :**

(क) ..............................................................

(ख) .............................................................

(ग) ..............................................................

(घ) ...........................................................

**कार्य निर्वाह क्षमता (Competency):**

(क) ....................................................................

(ख) ..................................................................

(ग) ..................................................................

(घ) ..................................................................

**कार्य अनुभव (Working Experience) (पछिल्लो कार्यानुभवलाई पहिला राख्ने):**

| संस्था/प्रतिस्ठान (Organization) | सम्पादन गरेका कार्यहरु (Performed Roles and Tasks) |
|---|---|
| संस्थाको नामः .....................................<br>पदः....................................................<br>रोजगार अवधिः<br>................देखि ....................सम्म | क) ....................................................<br>ख) ....................................................<br>ग) ....................................................<br>घ) ....................................................<br>ङ) .................................................... |
| संस्थाको नामः .....................................<br>पदः....................................................<br>रोजगार अवधिः<br>................देखि ....................सम्म | क) ....................................................<br>ख) ....................................................<br>ग) ....................................................<br>घ) ....................................................<br>ङ) .................................................... |

| | |
|---|---|
| संस्थाको नामः .....................................<br>पदः....................................................<br>रोजगार अवधिः<br>................देखि ....................सम्म | क) ....................................................<br>ख) ....................................................<br>ग) ....................................................<br>घ) ....................................................<br>ङ) .................................................... |

**(आवश्यकता अनुसार अनुभवको विवरण थप गर्न सकिने)**

**५. शैक्षिक योग्यता (Education):**

| क्र.स. | शिक्षणसंस्थाको नाम ठेगाना | सैक्षिक उपलब्धि | श्रेणी र प्रतिशत | उतिर्ण वर्ष | मुख्य विषयहरु |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| १ | | | | | |
| २ | | | | | |
| ३ | | | | | |
| ४ | | | | | |

**६. सिपमुलक वा व्यवसायिक तालिम**

| क्र.स. | तालिमको विषय | तालिम दिने संस्थाको नाम ठेगाना | तालिम अवधि | कैफियत |
|---|---|---|---|---|
| १ | | | | |
| २ | | | | |
| ३ | | | | |
| ४ | | | | |

**७. भाषाः**

**(१ सामान्य, २ मध्यम, ३ दक्ष र मातृ भाषा)**

| भाषा | बोल्ने क्षमता | पढने क्षमता | लेख्ने क्षमता |
|---|---|---|---|
| ...................... | | | |
| ...................... | | | |
| ...................... | | | |

**८. रोजगारमा संलग्न हुन चाहेको क्षेत्रहरु**

**(क) रोजगारमा संलग्न हुन खोजेको भौगोलिक क्षेत्र**

............................ प्रदेश

............................जिल्ला

............................स्थानिय तह

**(ख) रोजगार खोजि गरेको क्षेत्रगत वर्ग**

- एकाउन्टिङ्ग/वित्तीय व्यवस्थापन
- आर्किटेक्चर/इन्टेरियर डिजाइनिङ्ग
- बैङ्किङ्ष/इन्सुरेन्स/वित्तीय सेवा
- कमर्सियल/लजिष्टिक्स/सप्लाइ चेन
- कन्स्ट्रक्सन/इन्जिनियरिङ्ग/आर्किटेक्ट
- क्रियटिभ/ग्राफिक्स/डिजाइनिङ्ग
- व्यवस्थापन/प्रशासन/अपरेसन
- स्वास्थ्य/फार्मा/वायोटेक/मेडिकल
- पर्यटन, होटल तथा अतिथि सत्कार
- मानवसंसाधन/अर्गनाइजेसनल डेभलपमेन्ट
- आइ.टि./टेलिकम्युनिकेसन
- पत्रकारीता/प्रशासक/मेडिया
- कानुनी सेवा
- मार्केटिङ्ग/सेल्स/एडभारटाइजिङ्ग/कस्टमर सर्भिस
- राष्ट्रिय तथा अन्तर्राष्ट्रिय गैर सरकारी/सामाजिक सेवा
- प्रडक्सन/मेन्टेनेन्स/क्वालिटि कन्ट्रोल

- प्रोटेक्टिभ/सेक्युरिटी सेवा
- अध्ययन अनुसन्धान र विकास सम्बन्धी
- शिक्षण/तालिम/खेलकुद
- अन्य (.................)

**(ग) रोजगार खोजी गरेको पद**

(क) गिशेषज्ञ/वरिष्ठ स्तर

(ख) मध्यम स्तर

(ग) जुनियर स्तर

(घ) साधारण स्तर

**(घ) रोजगार खोजी गरेको समयः**

(क) पूर्णकालिन

(ख) पार्टटाइम

(ग) करार

(घ) फ्रिलान्सर

(ङ) ट्रेनी

**९. हालको रोजगारको अवस्था**

पूर्ण बेरोजगार/अर्ध बेरोजगार/पूर्णकालीन रोजगार वा स्वरोजगार

**१०. रेफरेन्स (यहाँको काम र क्षमताका सम्बन्धमा जानकारी दिन सक्ने व्यक्तिको विवरण)**

(क)नामः

पदः

ठेगानाः

इमेलः

सम्पर्क नंः

(ख) नामः

पदः

ठेगानाः

इमेलः

सम्पर्क नंः

१०. **उपरोक्त विवरणहरु सत्य र पूर्ण रहेको प्रमाणित गर्दछु**

हस्ताक्षर : ........................-..

मिति : .......................

## अनुसूची-४

**रोजगारमा पदस्थापना गर्ने प्रतिवद्धता सहितको सीप विकास सञ्चालन गर्ने प्रस्ताव**

१. प्रस्ताव पेश गर्ने

संस्थाको नामः............................

दर्ता/स्वीकृति नंबरः ........................................

स्थापना भएको मितिः..........................................

कूल पूंजीः.....................................................

संस्थाको परिचयः

.................................................................................................................................
.................................................................................................................................
.................................................................................................................................
............................................................................................

संचालकहरुको नाम :

.................................................................................................................................
....................................................................................

.................................................................................................................................
.....................................................................................

सम्पर्क ब्यक्तिको नाम तथा सम्पर्क विवरण :

.................................................................................................................................
..................................................................

२. प्रस्ताव गरिएको क्रियाकलाप(हरु) सञ्चालनमा संस्थाको अनुभवः

.............................................................................................................................
.....................................

..............................................................................................................................
.....................................

..............................................................................................................................
.....................................

..............................................................................................................................
....................................

३. प्रस्ताव गरिएको क्रियाकलापहरु संचालनमा संस्थाको अनुभब :

..............................................................................................................................
.......................

..............................................................................................................................
.......................

..............................................................................................................................
.......................

..............................................................................................................................
.......................

**४. सीप विकास पश्चात रोजगारमा पदस्थापना हुने श्रमिकको विवरण सङ्ख्याः**

| पद | सीप विकास तालिमको प्रकृति | रोजगारमा पदस्थापना हुने सङ्ख्या |
|---|---|---|
| | | |
| | | |
| | | |
| | | |
| | | |

**५. आर्थिक प्रस्ताव**

| रोजगारको प्रकृति तथा पद | लाभग्राहीको सङ्ख्या | श्रमिकबाट रकम परिचालन गरिने अवस्थामा रु. | कार्यक्रमबाट सहयोगको अपेक्षा गरिएको रकम रु. | सम्बन्धित रोजगारदाताले सहलगानी गर्ने रु. | कूल रकम रु. |
|---|---|---|---|---|---|
| | | | | | |

| | | | | | |
|---|---|---|---|---|---|
| | | | | | |
| **कूल** | | | | | |

६. नियमित र आवधिक प्रगति प्रतिवेदन पेश गर्ने पद्दती:

.................................................................................................................................

.................................................................................................................................

७. सिप तथा क्षमता विकास र रोजगारमा पदस्थापन सम्बन्धि कार्ययोजना :

नाम : ........................................................................

पद : ..........................................................................

हस्ताक्षर : ...................................................

संस्थाको छाप

नोट :

१. कार्यक्रममा सहभागी हुन प्रस्ताव पेश गर्दा संस्थागत निर्णय पेश गर्नु पर्नेछ ।

२. प्रस्तावसंग संस्था सञ्चालन गर्न इजाजत पत्र तथा करचुक्ता प्रमाणपत्रको प्रतिलिपि संलग्न गर्नु पर्नेछ ।

३. प्रस्ताव गरिएको क्रियाकलापलाई सहयोग गर्ने अन्य आवश्यक कागजात संलग्न गर्न सकिनेछ ।

## अनुसूची-५

## तालिम लिने प्रशिक्षार्थी श्रमिकको कबुलियतनामा

लिखितम........................................बस्ने ........................................को छोरा/छोरी ..........................................को नाति/नातिनी वर्ष ...............को श्री/श्रीमती/सुश्री ..........................................ले श्री ...........................................संस्था/प्रतिष्ठानमा ..............................सिप तथा क्षमता विकास तालिम प्राप्त गरे पश्चात तपशिलमा उल्लेखित शर्तहरुको अधिनमा रही न्यूनतम एक वर्षसम्म सोहि संस्था/प्रतिष्ठानले उपलब्ध गराएको रोजगारमा संलग्न हुनेछु । यदि यस कबुलियतनामा बमोजिम शर्त पालना नगरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

'तपसिलः

१. उपलव्ध सीप तथा क्षमता विकासको क्रियाकलापमा संलग्न हुन तोकिएको मिति, स्थान र् समयमा

गई अनुशासित तथा जिम्मेवारीपूर्वक सहभागिता जनाउनेछु ।

२. आफ्नो सीप तथा क्षमता विकास गर्न सिकेका विषयलाई प्रयोगमा ल्याउनेछु ।

३. शारीरिक अपाङ्गता वा अशक्तता भएको अवस्था वाहेक सीप तथा क्षमता विकास पश्चात संस्था/प्रतिष्ठानले उपलव्ध गराएको रोजगारमा नियमित रुपमा कार्य गर्नेछु ।

सीप तथा क्षमता विकासमा सहभागी हुने व्यक्तिकोः

हस्ताक्षरः लाभग्राही परिचयपत्र नं.................................

औठा छाप

| | |
|---|---|
| | |
| दाँया | बाँया |

इति सम्बत २०....महिना.......गते .........रोज शुभम ।

**अनुसूची-६**

**वित्तीय प्रोत्साहन लिने संस्था/प्रतिष्ठानले गर्नु पर्ने कबुलियतनामा**

लिखितम जिल्ला ..................... गाउँपालिका ............. वडा नं. .................. स्थित ............................................................................. संस्था/प्रतिष्ठानको तर्फबाट अख्तियार प्राप्त म/हामी ............................................................ ले देहायको विवरण भएका श्रमिकहरुलाई सीप तथा क्षमता विकास तालिम सञ्चालन गरी निजहरुलाई मिति...................................... गते तहाँ गाउँपालिकामा पेश भएको प्रस्ताव बमोजिमको रोजगारको अवसरहरुमा पदस्थापन गर्न मञ्जुर छु/छौं । यदि यस कबुलियतनामा बमोजिम शर्त पालना नगरेमा कानून बमोजिम सहुँला बुझाउँला ।

**तपसिलः**

१. तोकिएको मिति, स्थान र समयमा सीप तथा क्षमता विकासको क्रियाकलाप सञ्चालन गराउने छु/छौं।

२. सीप तथा क्षमता विकासको अवधि भर तोकिएको पारिश्रमिक उपलव्ध गराउने छु/छौं।

३. सीप तथा क्षमता विकास पश्चात देहायका प्रशिक्षार्थी श्रमिकलाई कम्तीमा १ वर्ष सम्म यस संस्था/प्रतिष्ठानमा नियमित रोजगारमा पदस्थापना गर्नेछु/गराउने छौं ।

| **क्र.स.** | **श्रमिकको नाम, थर** | **ठेगाना** | **लाभग्राही परिचयपत्र नं.** | **रोजगारमा पदस्थापना हुने पद** |
|---|---|---|---|---|
| | | | | |
| | | | | |
| | | | | |
| | | | | |

संस्था/प्रतिष्ठानको तर्फबाट अख्तियार प्राप्त व्यक्ति :

नाम : ................................................................

हस्ताक्षर : ......................................................

संस्थाको छाप                    इति सम्बत २०.....महिना .........गते ................रोज शुभम ।